# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९/०७/२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा कार्यरत कार्यालय सहयोगी (पाँचौ तह) होम नाथ खतिवडाले मोही लगत कट्टा गर्नका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज कार्यालय सहयोगी होम नाथ खतिवडालाई सेवाग्राहीबाट रु.५,०००।- (पाँच हजार रुपैयाँ) घुस/रिसवत वापतको रकम लिइसकेको अवस्थामा निजलाई खानतलासी गर्दा स्रोत नखुलेको रु.३,१८,६००।- (तीन लाख अठार हजार छ सय रुपैयाँ) सहित कार्यालय परिसरबाट मिति नियन्त्रणमा लिएको थियो ।

भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा कार्यरत कार्यालय सहयोगी (पाँचौ तह) होम नाथ खतिवडाले मोही लगत कट्टा गर्ने निर्णय प्रक्रियामा सहयोग गरिदिएको बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवतवापत रु.५,०००।—(पाँच हजार रुपैया) माग गरी लिएको र निजलाई खानतलासी गर्ने क्रममा साथमा रहेको झोलाबाट बरामद भएको रकम रु.३,१८,६००।—(तीन लाख अठार हजार छ सय रुपैया) मध्ये निज आरोपितले बयानको क्रममा लिएको जिकिरसँग अनुसन्धानको क्रममा संकलित प्रमाणहरुको आधारमा रु.२,६१,०००।—(दुई लाख एकसठ्ठी हजार रुपैया) रकमको स्रोत तथा प्रयोजन पुष्टि नभएको हुँदा उक्त रकम निजले सेवाग्राहीबाट घुस/रिसवतवापत लिएको देखिएको हुँदा निज कार्यालय सहयोगी (पाँचौ तह) होम नाथ खतिवडाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको पुष्टि भएकोले निजलाई बिगो रु.२,६६,०००।—(दुई लाख छैसठ्ठी हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद सजाय हुन तथा निजबाट बरामद भएको रकममध्ये रु.२,६१,०००।—सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन समेतको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी